जैमिनी नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या ४१

कार्यपालिका बैठकका प्रस्ताव सूचि

**मिति २०८१।१०।३० गते**

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

२. LISA /FRA को नतिजाको अन्तिम नतिजा सार्वजनिककरण सम्बन्धमा ।

३. नगरपालिकालाई विभिन्न परियोजनाका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

४. जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्बन्धमा ।

५. कर्मचारीको स्तरबृद्दि सम्बन्धमा ।

६. विविध

२०८१।१०।३०

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

## निर्णयहरु

निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो। अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो।

निर्णय नं २

जैमिनी नगरपालिकाबाट आ.ब २०८०/०८१ मा सम्पादन गरिएका विभिन्न बिषयक्षेत्रगत कार्यहरुका आधारमा स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ अनुसारका सूचकमा प्रमाण सहित प्रारम्भिक प्रतिवेदन पेश गरिएकोमा जिल्ला समन्वय समिति बागलुङबाट पृष्ठपोषण सहित प्राप्त प्रारम्भिक नतिजामा संस्थागत क्षमता स्वमूल्याङ्कन गरि औसत जम्मा ८५.५% अंक प्राप्त भएको बिषयमा छलफल भयो। स्वमूल्याङ्कनका विषयक्षेत्रमा निम्नानुसार अंक प्राप्त भएको जानकारी पनि जानकारी गराईयो ।आगामी दिनमा उक्त नतिजामा अझ सुधार गर्दै कार्यसम्पादन गर्ने निष्कर्ष सहित नजिजा अनुमोदन गरि नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने र सम्बन्धित निकायहरुमा जानकारी पठाउने निर्णय गरियो।

स्वमूल्याङ्कनका विषयक्षेत्रहरु

| क्र स | विषयक्षेत्र | प्राप्त स्कोर |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९४.४४% |
| २ | संगठन तथा प्रशासन | ८१.२५% |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ८६.३६% |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | ९५.४५% |
| ५ | सेवा प्रवाह | ९३.७५% |
| ६ | न्यायिक कार्य सम्पादन | ८५.७१% |
| ७ | भौतिक पूर्वाधार | ८४.६२% |
| ८ | सामाजिक समावेशीकरण | ९०% |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ५०% |
| १० | सहकार्य र समन्वय | ८३.३३% |
| | समग्र स्थिति | ८८.१०% |
| | प्रक्रियागत स्थिति | ८६.७६% |
| | परिमाणात्मक स्थिति | ८३.३३% |
| | **जम्मा प्राप्ताङ्क** | ८५.५% |

हरे बहादुर भुंजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७१

CamScanner

साथै वित्तिय जोखिम मुल्याङ्कन सुचक FRA मा जिल्ला समन्वय समितिले गरेको मुल्याङ्कनमा जम्मा ७६% औषत प्राप्तङ्क प्राप्त गरेको विषयमा पनि जानकारी गराईयो ।

निर्णय नं ३

नगरपालिकाका निम्नानुसारका परियोजनाका लागि जग्गा प्राप्त गर्नु पर्ने भएकाले पहिलो चरणमा स्थान तय गरि निशुल्क जग्गादान गर्न चाहने जग्गादाता लक्षित गरि १५ दिने सार्वजनिक सूचना जारि गर्ने निर्णय गरियो ।

| क्र स | परियोजनाको नाम | सम्भावित क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | फोहोरमैला ब्यवस्थापन परियोजना | वडा नं ५ खादभेग क्षेत्र | |
| २ | बासँजन्य सामाग्री उत्पादन तथा बजारिकरण परियोजना | वडा नं १ माझर स्वास्थ केन्द्र वरपरको जग्गा | |
| ३ | नर्सरी विकास परियोजना | वडा नं ४ को उपयुक्त क्षेत्र | |

निर्णय नं ४

जिल्ला समन्वय समितिमा यहि मिति २०८१ माघ २७ गते भएको अन्तरपालिका समन्वय बैठकले जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि विगतमा प्राप्त हुदै गरेको ससर्त अनुदान प्राप्त नभई जिल्ला स्तरीय छनौट प्रतिस्पर्धा गर्न नसकिएकोले आर्थिक साझेदारीका लागि सबै पालिकामा प्रस्तावना पेश गरेकोमा पालिका अनुसार तोकिएको रु ६० हजार रुपैया नगर तथा वडास्तर खेलकूद प्रोत्साहन पुरस्कार शिर्षकबाट खर्च गर्ने गरि विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ बमोजिम जैमिनी नगरपालिका कार्यालयको सूचना नं. ०५ मिति २०८१।०९।२१ गतेको दरबन्दी कायम, तह वृद्धि र स्तर वृद्धिको लागि प्रकाशित सूचना अनुसार तोकिएको समयमा दर्ता हुन आएका उमेदवारहरुको पेश भएका सबै प्रमाण कागजहरुको मुल्यांकनका लागि गठित समितिको सिफारिश समेतका आधारमा तपसिल बमोजिम उमेदवारहरुको दरवन्दी कायम र तह वृद्धि गर्न उपयुक्त देखिएकाले तह वृद्दि गर्ने निर्णय गरियो ।

दरवन्दी कायम वृद्दि तर्फ

| क्र.स. | उमेदवारको नामथर | हालको तहमा सेवा अवधी | शैक्षिक योग्यता | हालको तह | तह बृद्धि/दरवन्दी कायम हुने तह, दरवन्दी र पदनाम | तह बृद्धि/दरबन्दी कायम सम्बन्धि निर्णय | ऐनको दफा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ साल माघ ३० गते बुधबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ४१ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |

CamScanner

| | | | |
|---|---|---|---|
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री हरि बहादुर भुजेल | |

CS CamScanner